नेपाल सरकार

# गृह मन्त्रालय

राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र
(.............................................शाखा)

पत्र संख्या :- ०७१।७२
प्राप्त पत्र संख्या र मिति :-
च. नं. :- 863

सिंहदरवार,
काठमाडौं, नेपाल।
२०७२/०२/१२
मितिः-.............................

विषय :- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
भूकम्प प्रभावित सबै जिल्ला ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।०२।०२ को बैठकबाट स्वीकृत "भूकम्प पीडितहरुको अस्थायी आवास राहत वितरण तथा सो को अनुगमन सम्बन्धी कार्यादेश" प्राप्त भै सकेको छ । उक्त कार्यादेशको बुँदा नं. ३ को (क), (ख), (ग) र (घ) को सट्टा देहायको खण्ड (क), (ख), (ग) र (घ) राख्ने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।०२।११ को बैठकबाट निर्णय भएको हुँदा सो निर्णय तत्काल कार्यान्वयन गरी यस मन्त्रालयलाई जानकारी गराउनु हुन तथा निवेदनको ढाँचा यसै साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

निर्णयहरु :-

(क) घर भत्केर मर्मत गरेरसमेत बस्न नमिल्ने भएका, सगोलमा रहेका परिवार (एकाघरको बाबु, आमा, श्रीमान, श्रीमती) को नाममा अन्यत्र कतै घर नभएका भूकम्प प्रभावितलाई अनुदानका लागि योग्य मानिनेछ ।

(ख) भूकम्पबाट प्रभावित जिल्लाका पीडित परिवारलाई अस्थायी आवास निर्माण गर्न प्रति परिवार नगद पन्ध्र हजार रुपैयाँ सम्बन्धित जिल्ला दैवीप्रकोप उद्धार समितिमार्फत उपलब्ध गराइनेछ । तर यसअघि तत्कालिन राहतस्वरूप वितरण गरिएको रकम अभिलेखमा जनाइनेछ ।

(ग) अनुदान वितरणका बखत यसअघि पाएको र यस पटक पाएको रकम पछि पाउने अनुदानबाट कट्टा हुने व्यहोराको जानकारीसमेत गराइनेछ । अनुदानग्राहीले सुविधा र राहतस्वरुप जस्तापाता, निर्माण सामग्री र नगद पाएको भए घोषणा गर्नुपर्नेछ । त्यस्तो विवरण अभिलेखमा जनाइने छ ।

(घ) झुट्ठा विवरण दिने, विवरण दिन सहयोग पुर्‍याउने र सहयोग लिने, झुट्ठा विवरण सिफारिस वा तयार गर्ने गराउनेलाई कानुनबमोजिम कारवाही चलाइनेछ । त्यस्ता व्यक्तिलाई सरकारबाट भविष्यमा दिइने कुनै पनि राहत, अनुदान, सहुलियत वा सुविधाको सूचीबाट हटाइ भूकम्प पीडितको परिचयपत्रसमेत जफत गरी सार्वजनिक गरिने छ ।

वोधार्थ :
श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।

०७२।०२।१२
रुद्रप्रसाद खड्का
उप-सचिव

मिति .................
श्रीमान् ................,
........................... ।

**विषयः अस्थायी आवास निर्माण सहयोग पाउँ ।**

**महोदय,**

मेरो घर मिति २०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछि आएका पराकम्पनबाट पूर्ण क्षति (मर्मत गरी वस्न नमिल्ने) भएकोले देहायको व्यहोरा खुलाई नेपाल सरकारबाट उपलब्ध गराइने अस्थायी आवास निर्माण गर्न रु. १५,०००।- पाउन यो निवेदन पेश गरेको छु ।

१. मेरो र मरो परिवार (एकाघरको बाबु, आमा, श्रीमान्, श्रीमती) का नाममा अन्यत्र स्थायी बसोबासको वैकल्पिक व्यवस्था छैन ।
२. राहतस्वरूप यसपूर्व पाएको जम्मा रकम रु. .........., र हाल पाउने रु. १५,०००।- पछि नेपाल सरकारबाट उपलब्ध गराइने राहत सुविधाबाट कट्टा हुने गरी लिएको व्यहोरा जानकारी भयो ।
३. अस्थायी आवासबापत स्थानीय निकाय वा संघसंस्था वा दातृ निकायबाट राहत पाएको विवरण (अभिलेख प्रयोजनका लागि)

| राहतको विवरण | परिमाण | दिने संस्था | रकम वा मूल्य रु. |
|---|---|---|---|
| जस्तापाता | | | |
| अन्य सामग्री | | | |
| नगद | | | |

यो व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

**साक्षीको नाम, थर ठेगाना**

दस्तखतः ............................
नाम, थरः ...................................
ना.प्र.नं....................................

**<u>निवेदक</u>**

दस्तखतः ..................
नाम, थरः ................
ना.प्र.नं.....................
भूकम्प पीडित परिचयपत्र नं. ...........
बाबुको नामः ..........................
बाजेको नामः ............................
गा.वि.स./न.पा.............................
वडा नं. ........ टोलः.............

**कार्यालय प्रयोजनको लागि**

दर्ता नं.　　　　मितिः

कार्यालयः

स्वीकृत गर्ने अधिकारीः